छत्रदेव गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

छत्रगञ्ज- अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल

(प्रथम पटक प्रकाशित मिति २०८२।११।०५)

**कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।**

यस गाउँपालिकाका लागि आर्थिक वर्ष २०८२।०८३ को बजेटमा भएको तपसिलको कार्यक्रम कार्यान्वयनका लागि अनुदान प्राप्त गर्न आवश्यकता भएका यस गाउँपालिका भित्रका इच्छुक सामुदायिक विद्यालयहरुले मिति २०८२/११/२० गते सम्म यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबै विद्यालयहरुलाई जानकारीका लागि सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीका लागि कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२/०८३ को पाना नं ४६ र ४७ को यसैसाथ संलग्न छायाँप्रतिमा रहेको विद्यालयमा शैक्षिक गुणस्तर सुदृणीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गतको बुदा नं (ख) को उपक्रियाकलाप शिर्षकअन्तर्गतको विद्यालयमा भर्चुअल शिक्षण, इलर्निङ्ग, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन सम्वन्धि व्यवस्था हेर्नुहुन र सो को आधारमा विद्यालय छनौट गरिने बेहोरा जानकारीका लागि अनुरोध छ ।

**तपसिल:**

| क्र स | कार्यक्रमको नाम | लक्ष्य (कोटा संख्या) | अनुदान रकम | संलग्न राख्नुपर्ने कागजातहरु |
|---|---|---|---|---|
| १ | विद्यालयमा भर्चुअल शिक्षण, इलर्निङ्ग, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन (सङ्घीय ससर्त ) अनुदान | एकवटा विद्यालयलाई मात्र कार्यक्रममा छनौट गर्न सकिने | रु.१०,००,०००/- | विद्यालय सुधार योजना, आ.व. २०८१/०८२ को सामाजिक परिक्षण प्रतिबेदन, विद्यालय व्यवस्थापन समितिको निर्णय सहितको प्रस्ताव |

2082/11/05

साजन पाण्डे
निमित्त प्रमुख प्रशासकिय अधिकृत

**बोधार्थ:**

*श्री सूचना तथा प्रविधि शाखा, छत्रदेव गाउँकार्यपालिकाको कार्यालय- वेवसाइटमा सूचना अपलोड गरिदिनु हुन।*

E-mail: chhatradev.ruralmun@gmail.com

CamScanner

२.३.९ क्रियाकलाप नं. २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **क) कक्षा १-३ मा पढाइ तथा गणित क्षेत्रका थप सिकाइ सामग्री छपाइ तथा वितरण**<br>क) अनूसूची-८ मा उल्लेखित (यस क्रियाकलापलाई सघनरूपमा कार्यान्वयनका लागि छनोट) भएका स्थानीय तहअन्तर्गत सञ्चालित विद्यालय (कक्षा १-३ सम्म) मा प्रति कक्षा १ सेट पाठ्यक्रम विकास केन्द्रबाट विकास भएका भाषा तथा गणित विषयका स्वाध्ययन सामग्री छपाइ गरी विद्यालयमा वितरण गर्ने,<br>ख) विद्यालयमा सामग्री वितरणको जानकारी यस केन्द्रलाई अविलम्ब उपलब्ध गराउने,<br>ग) वितरित सामग्रीको प्रयोगको अवस्था स्थानीय तह तथा इकाइले नियमित अनुगमन गर्ने,<br>घ) जिल्लानमुनाका स्थानीय तहहरूले संयुक्तरूपमा सामग्री छपाइ गरी वितरण गर्न सक्नेछन्। स्थानीय तहबाट अनुरोध भई आएमा यस कार्यमा शिक्षा विकास तथा समन्वय इकाइले समन्वय गर्नुपर्ने छ,<br>ङ) यसका कार्यक्रम कार्यान्वयनमा सहजीकरण आवश्यक परेमा यस केन्द्रको पाठ्यक्रम तथा पाठ्यसामग्री विकास शाखा तथा पाठ्यक्रम विकास केन्द्रमा सम्पर्क गर्न सकिने छ,<br>च) यस क्रियाकलाप अन्तर्गत छपाइ गरी विद्यालयमा उपलब्ध गराइएको विद्यालयगत सामग्रीको विवरण तथा प्रयोगको अवस्था IEMIS मा अनिवार्य रूपमा प्रविष्ट गर्ने,<br>छ) स्थानीय तहले एकीकृत पाठ्यक्रमको कष्टमाइज तालिम सञ्चालन गर्दा छपाइ भएका सामग्रीको प्रयोग सम्वन्धमा शिक्षक तालिममा अभिमुखीकरण सञ्चालन गर्ने।<br><br>**ख) विद्यालयमा भर्चुअल शिक्षण, इलर्निङ, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन: प्रति विद्यालय वार्षिक रू १० लाख**<br>क) शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.न. ४२६ मिति २०८२।०३।०४ को पत्रानुसार यस कार्यक्रमहरूमा तोकिएको स्वीकृत कोटा तथा बजेटको परिधिमा रही तपसिलअनुसार विद्यालय छनोट गर्ने। विद्यालय छनोट गर्दा स्थानीय तहले प्रस्ताव माग गरी देहायका आधारमा प्राथमिकता तय गरी छनोट गर्नेः<br>• पुस्तकालय, विज्ञान प्रयोगशाला तथा ICT को सुविधा नभएका/ प्रयाप्त नभएका विद्यालय<br>• विद्यार्थी सङ्ख्या उच्च रहेका विद्यालय<br>• विद्यालयमा कम्प्युटर विषय अध्यापन गर्ने विद्यालय<br>• आवश्यक कोठा तथा अन्य पूर्वाधार रहेका विद्यालय<br>ख) स्थानीय तहले विद्यालयमा पुस्तकालय, प्रयोगशाला तथा ICT पूर्वाधारको अवस्थाको विद्यालयगत सूची तयार गर्ने। सो सूची मध्येबाट सबै माध्यमिक तहले यस प्रकारको एक पटक अनुदान प्राप्त गरी सकेको सुनिश्चित गरी उच्च विद्यार्थी सङ्ख्या भएको अनुमतिले जेष्ठता क्रममा आधारभूत तह कक्षा १-८ सञ्चालित विद्यालयलाई अनुदान उपलब्ध गराउने गरी विद्यालयबाट प्रस्ताव माग गर्ने। विद्यालयको प्रस्ताव मूल्याङ्कन गरी स्वीकृत कोटा बमोजिम एक भन्दा बढी कार्य आवश्यक भएमा सो समेत गर्ने गरी विद्यालयका विद्यालय छनोट गर्ने,<br>ग) छनोट भएका विद्यालयलाई प्रति विद्यालय एकमुष्ट १० लाखका दरले अनुदान दिने, | **मुख्य जिम्मेवार**<br>स्थानीय तह<br>विद्यालय<br>विद्यालय व्यवस्थापन समिति<br>**सहजीकरण/समन्वय**<br>शिक्षा विकास तथा समन्वय इकाइ | प्रोत्साहन अनुदान प्राप्त गर्ने विद्यालय सङ्ख्या ,<br>पुस्तकालय अनुदान प्राप्त गर्ने विद्यालय सङ्ख्या,<br>विज्ञान अनुदान प्राप्त गर्ने विद्यालय सङ्ख्या,<br>प्रोत्साहन भत्ता प्राप्त गर्ने प्रअ शिक्षक सङ्ख्या, एकमुष्ट अनुदान प्राप्त विद्यालय, प्रगति प्रतिवेदनहरू,<br>IEMIS प्रतिवेदन,<br>शिक्षकका लागि पेसागत सहयोग उपलब्ध गराइएका विद्यालय/शिक्षक सङ्ख्या, सुविधा प्राप्त गर्ने विद्यालय संख्या |



CamScanner

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| घ) यस कार्यक्रम कार्यान्वयनका लागि विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विद्यालयको आवश्यकताको सूचीलाई आधार मानी औचित्यताको आधारमा स्थानीय तहले विनियोजित बजेटबाट खरिद गर्ने सामग्रीको स्पेसिफिकेसन स्वीकृत गरी विद्यालयलाई उपलब्ध गराउने,<br>ङ) अनुदान प्राप्त विद्यालयले पुस्तकालय विस्तारका लागि छनोट भएका पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री खरिद गर्ने। लाइब्रेरीका लागि आवश्यक फर्निचरहरू जस्तै: पुस्तक र्‍याक, बसाइ व्यवस्थाका लागि कुर्सी टेबुल लगायतका सामग्री व्यवस्था गर्न कुल बजेटको २५% सम्म बजेट नियमानुसार खर्च गर्ने।<br>च) विद्यालयले खरिद गरेका पुस्तकको सूची अनिवार्यरूपले स्थानीय तहमा पेस गर्नुपर्ने छ। यस वापत प्राप्त अनुदानबाट विद्यार्थीको पठनपाठनसँग असम्बन्धित र असान्दर्भिक पुस्तक तथा सामग्री खरिद गर्न पाइने छैन। विद्यालयले पुस्तकालयमा पुस्तक व्यवस्था गर्दा कक्षा ११ र १२ का लागि पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत सामग्री अनिवार्य रूपमा समावेश गर्नुपर्ने,<br><br>**ग) नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वनका लागि कार्यसम्पादनमा आधारित अनुदान :**<br>क) विद्यालयको गुरूयोजनाअनुसार खर्चका क्षेत्र सहित स्थानीय तहमा चालु आवमा विनियोजित रकम खर्च गर्ने कार्ययोजना सहित स्थानीय तहमा माग गर्ने,<br>ख) स्थानीय तहले कार्ययोजनाको रूजु गरी कार्यप्रगतिका आधारमा १००० सम्म विद्यार्थी भए प्रति विद्यालय रू १० लाख र १००१ देखि माथि विद्यार्थी भए प्रति विद्यालय रू २० लाख अनुदान यस शीर्षकबाट उपलब्ध गराउने,<br>ग) यस बजेटबाट स्वीकृत गुरूयोजना बमोजिम नमुना विद्यालय विकासका लागि बाँकी कामहरू जस्तै: कक्षाकोठा फर्निचर व्यवस्थापन, पुस्तकालय/प्रयोगशाखा सामग्री अध्यावधिक र शैक्षिक गुणस्तर सुधारका क्रियाकलापमा खर्च गर्न सक्नेछन,<br>घ) यस क्रियाकलापबाट विद्यालयले तलबभत्ता, गाडी खरिद, स्वीमिङपुल निर्माण जस्ता कार्यमा खर्च नगर्ने,<br>ङ) पाँच वर्ष पूरा भएका नमुना विद्यालयमा भौतिक निर्माण कार्यका लागि हाल बजेट विनियोजन नभएको हुनाले अधुरा कार्य सम्पन्न गर्नका लागि विद्यालयले यसै शीर्षकबाट खर्च गर्नसक्ने छन्,<br>च) स्थानीय तहबाट विद्यालयले सम्झौता अनुरूप कार्यको नियमित अनुगमन गरी कार्य प्रगति केन्द्रको विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखामा पठाउने। यसको अनुगमन स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइबाट हुने छ। विज्ञान विषय प्रवर्धनका लागि छनोट भएका नमुना विद्यालयहरूलाई यो बजेट उपलब्ध गराइने छैन।<br><br>**घ) कक्षा ११-१२ मा विज्ञान विषय प्रवर्धनका लागि अनुदान: प्रतिविद्यालय रू ३० लाख, ४५ लाख र रू ६० लाखसम्म**<br>क) विगत आ.व. मा कक्षा ११ -१२ मा विज्ञान विषय प्रवर्धनका लागि छनोट भएका ११४ विद्यालय (**अनुसूची ९**) का लागि विद्यालयमा १००० सम्म विद्यार्थी भए प्रति विद्यालय रू. ३० लाख, १००१ देखि २५०० सम्म विद्यार्थी भए प्रति विद्यालय रू. ४५ लाख र २५०१ भन्दा माथि विद्यार्थी भए प्रति विद्यालय रू ६० लाख अनुदान यस शीर्षकबाट उपलब्ध गराउने,<br>ख) यस बजेटबाट विज्ञान विषय प्रवर्द्धनका लागि स्वीकृत **विद्यालय विकास योजनाका** आधारमा विद्यालयले आफ्नो जिल्लाभित्रका स्थानीय तहमा कक्षा ११-१२ मा विज्ञान विषयको पठनपाठन नभएका विद्यालयबाट सम्बन्धित स्थानीय तहको सिफारिससहित आएका विद्यार्थीका लागि दोहोरो नपर्ने गरी आवासीय छात्रवृत्ति, विज्ञान विषय पठनपाठनका लागि शिक्षक व्यवस्थापन, प्रयोगशाला सञ्चालन एवम् | | |